प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १ धनकुटा
योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः
चलानी नं.

धनकुटा, नेपाल

## दुर्गम तथा पहाडी जिल्लामा आवश्यकताका आधारमा रंगशाला तथा खेलमैदान निर्माण/स्तरोन्नति कार्यक्रम सञ्चालनका लागि गरिएको

## सम्झौता-पत्र

प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. १, धनकुटा (जसलाई यस सम्झौतामा यसपछि पहिलो पक्ष भनिनेछ) र ............................ जिल्ला ..........................गाँउ/नगरपालिका (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच गाउँ/नगरपालिकाको वडा नं ================== मा रहेको .......................... खेलमैदान निर्माण/ स्तरोन्नति कार्यक्रमका लागि आर्थिक बर्ष २०७८/०७९ भित्र निम्नानुसारका शर्तका अधिनमा रही सम्पन्न गर्न मिति २०७८/ ०७ / गते यो सम्झौता सम्पन्न भयो।

### पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरुः

1. गाउँ/नगरपालिकाको वडा नं ............ मा रहेको .................................. खेलमैदान निर्माण/ स्तरोन्नतिका लागि दोस्रो पक्षले पेश गरेको प्रस्तावपत्र सहितका कागजात अध्ययन गरी औचित्यताका आधारमा कार्यक्रम स्वीकृत गर्ने ।
2. ........................................... खेलमैदान निर्माण/स्तरोन्नतिका लागि प्रस्तावमा आधारित अनुदान कार्यक्रमको कूल रकम रु. ...........................।- (अक्षेरेपि ............................) को ८० प्रतिशतले हुने रकम सम्झौता पश्चात दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
3. कार्यक्रम सञ्चालनका क्रममा सामाजिक विकास मन्त्रालय र निर्देशनालयबाट अनुगमन गर्ने ।
4. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरी गाउँ/नगरकार्यपालिकाको बैठकको निर्णय, गाउँ/नगरपालिकामा कार्यरत प्राविधिकबाट प्रमाणित मूल्याङ्कन सहित बिल, भर्पाइ, कर दाखिला भौचर र कार्य सम्पन्नताको प्रतिवेदन पहिलो पक्षलाई पेश गरेपछि बाँकी २० प्रतिशत रकम दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
5. दोस्रो पक्षले शर्तका अधिनमा रही तोकिएको समयमा कार्य नगरेमा निकासा भएको रकम रोक्का राख्ने तथा कार्य सम्पन्न नगरी अन्यथा गरेमा प्रचलित कानून बमोजिम हुने ।
6. .... ... ..... ...... ..... .... ... बैंक ..... ...... ...... ... शाखामा गाउँ/नगरपालिकाको नाममा रहेको चल्ती हिसाव नं ........ ...... ....... ....... ....... ...... ....... मा रकम निकासा गर्ने ।

### दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः

1. गाउँ/नगरपालिकाको वडा नं ...... मा रहेको ....................................... खेलमैदान निर्माण/ स्तरोन्नतिका लागि पेश भएको प्रस्तावना अनुसारको कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको हुनेछ ।
2. गाउँ/नगरपालिकाले कार्य शुरुआत गर्दा, बीचमा र अन्त्यमा कार्य सम्पन्न पश्चात समेत कार्य प्रगतिको मूल्याङ्कन गरी बैठकको निर्णयमा प्रस्ताव गरिएअनुसार कार्य भएको सुनिश्चित गर्नु पर्नेछ ।
3. खेलमैदान निर्माण/ स्तरोन्नतिका लागि अनुदान कार्यमा मितब्ययिता, पारदर्शिता तथा जवाफदेहिता बहन गर्दै प्रचलित कानून तथा आर्थिक ऐन नियमानुसार सेवा तथा सामग्री खरिद तथा ब्यवस्थापन गर्नु पर्नेछ।
4. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) अनुसार गर्नुपर्नेछ।
5. खरीद गरिएका सामग्री तथा उपकरणहरुलाई जिन्सी खातामा आम्दानी बाँधी सोको प्रमाणित प्रतिलिपि तथा दाखिला प्रतिवेदन पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
6. प्रस्ताव पत्रमा तोकिए बमोजिमको सम्पूर्ण कार्य दोस्रो पक्षले यसै आर्थिक बर्षको बैशाख मसान्त भित्र सम्पन्न गर्नुपर्नेछ ।
7. कार्य सम्पन्न गरेपछि गाउँ/नगरपालिकाको निर्णय र प्राविधिकबाट गरिएको प्रमाणित मूल्याङ्कन, बैठकका निर्णयहरु, कार्यक्रमका सम्पूर्ण विवरण सहितको विल, भर्पाइ, नियमानुसार कर दाखिला गरेको भौचर तथा अन्य सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं. १ धनकुटा
योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः
चलानी नं.

धनकुटा, नेपाल

## सम्झौता गर्ने व्यक्तिहरु

| पहिलो पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| निर्देशकको हस्ताक्षर : | उपसचिव/शा.अ.को हस्ताक्षर : | प्र. प्र. अ. को हस्ताक्षर : |
| नाम थर :- | नामथर :- | नाम थर :- |
| कार्यालय : शिक्षा विकास निर्देशनालय | कार्यालय : शिक्षा विकास निर्देशनालय | मिति : |
| प्रदेश नं १ धनकुटा | प्रदेश नं १ धनकुटा | |

मिति : २०७८।०८।

कार्यालयको छापः

गाउँ/नगरपालिकाको छापः

☎ ०२६५२२२२० e-mail reddkt@gmail.com web:www.ered.gov.np